महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७८
दमक नगरपालिका,
झापा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९

च.नं. ३३

मितिः २०७८/५/४

श्री प्रमुखज्यू,
दमक नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
झापा ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

....
(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण निर्देशनालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९ मितिः२०७८।०५।०४

च.नः २१

श्री प्रमूखज्यू,

दमक नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, झापा । **विषयः लेखापरीक्षण प्रतिवेदन**

कैफियत सहितको राय

हामीले दमक नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचाको प्रयोग गरी वित्तिय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।१० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २३ (तेईस) यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षणबाट रु. ३ करोड १ लाख ५८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३० लाख ६३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २ करोड ६३ लाख ५६ हजार, नियमित गर्नुपर्ने रु. ४ लाख ९ हजार र पेश्की बाँकी रु. ३ लाख ३० हजार रहेको छ ।

४. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ ।वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं ।त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण

सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत दमक नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

दमक नगरपालिका

लेखापरीक्षण प्रतिवेदन

२०७६।७७

परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यस पालिका अन्तर्गत १० वडा, सभा सदस्य ५४ जना, ७५.८५ व.कि.मी. क्षेत्रफल, ४२५२५ जनसंख्या र १ नंम्वर प्रदेशमा अवस्थित छ ।

स्थानीय सञ्चितकोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम आर्थिक वर्ष २०७६।७७ को समग्र स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

नगरपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो विवरण प्राप्त भएता पनि सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एव विस्तृत विवरण नखुलाइ पेश हुन आएको छ । नगरपालिकाको सम्पुर्ण आर्थिक कारोबार सुत्रमा अभिलेख नभएकाले उक्त विवरणले यथार्थ चित्रण गरेको छैन।

नगरपालिकाको यस बर्षको आय व्यय निम्नानुसार रहेको छ

आ.ब. २०७६।७७ को एकिकृत आर्थिक विवरण

सि.नं.	आयतर्फ		सि.नं.	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	गत वर्षको जिम्मेवारी		१	चालु खर्च	८१६७६३५१५.३
	क) नगद			क) वित्तीय समानीकरण अनुदान संघिय सरकार	४७५४४५२७
	ख) बैंक	८०६६८८६९.४		ख) वित्तीय समानीकरण अनुदान प्रदेश सरकार	३२७९१०३
२	राजस्व (आन्तरिक आय)	३४८७४३६२३.२		ग) सशर्त अनुदान संघिय सरकार	३५७२५९१०३
	क) आन्तरिक राजस्व	२०३५५९७२०.५		घ) राजस्व वाडँफाड संघिय सरकार	८४५०३१५६.१
	ख) राजस्व बाँडफाँड संघिय सरकार	८२९५५९२२.८४		ड) राजस्व वाडँफाड प्रदेश सरकार	३५२४२५२५.२
	ख) राजस्व बाँडफाँड प्रदेश सरकार	६२२२७९७९.९		च) आन्तरीक श्रोत	९९९०३७४३.९१
३	वित्तीय हस्तान्तरण	९८०५४११५१.९		छ) राष्टिय परिचय तथा पञ्जिकरण विभाग	८२२१५६
	क) वित्तीय समानीकरण अनुदान संघिय सरकार	१९४००००००		ज) समाज कल्याण कार्यक्रम जेष्ठ नागरीक समेत	१०००००
	ख) वित्तीय समानीकरण अनुदान प्रदेश सरकार	८२९२०००		झ) सामाजिक सुरक्षा कार्यक्रम	१८८०९९२००
	ग) सशर्त अनुदान संघिय सरकार	५३९४०८०००		ञ) राष्टपति महिला उत्थान कार्यक्रम	१००००
	घ) राष्टिय परिचय तथा पञ्जिकरण विभाग	८२२१५६	२	पूँजीगत खर्च	४२४२७७२५८.१
	ड) प्रर्यटन पूर्वाधार विकास कार्यक्रम	२४००७३७६.९७		क) वित्तीय समानीकरण अनुदान संघिय सरकार	६५२८६११७
	च) समाज कल्याण कार्यक्रम जेष्ठ नागरीक समेत	१०००००		ख) वित्तीय समानीकरण अनुदान प्रदेश सरकार	३३३३३५०
	छ) सामाजिक सुरक्षा कार्यक्रम	१८८०९९२००		ग) सशर्त अनुदान संघिय सरकार	७५५४४५९०.२९
	ज) स्थानीय शासन तथा सा.वि. कार्यक्रम	२५८०२४१८.८९		घ) सशर्त अनुदान प्रदेश सरकार	३८७६५१०४.५९
	झ) राष्टपति महिला उत्थान कार्यक्रम	१००००		ड) राजस्व वाडँफाड संघिय सरकार	२६१८४५५९
				च) राजस्व वाडँफाड प्रदेश सरकार	१७९००४४६

				छ) आन्तरीक श्रोत (अन्य आन्तरीक श्रोत)	१४४०८६२१४.४
४	प्रदेश सरकारबाट प्राप्त अनुदान	५०२१३०००		ज) जनसहभागीता	३३६७०८१
	क)वित्तीय समानीकरण अनुदान	८२९२०००		झ) स्थानीय शासन तथा सा.वि. कार्यक्रम	२५८०२४१८.८९
	ख) सशर्त अनुदान	४१९२१०००		ञ) प्रर्यटन पूर्वाधार विकास कार्यक्रम	२४००७३७६.९७
	ग) समपूरक अनुदान		३	वित्तीय व्यवस्था भुक्तानी	०
	घ) विशेष अनुदान			क) ऋण भुक्तानी	
५	अन्तर स्थानीय तहबाट प्राप्त		४	लगानी	०
६	वित्तीयव्यवस्थाप्राप्ति			ऋण लगानी	
	क) ऋण प्राप्ति		५	धरौटी फिर्ता	४११५७१४७.४५
७	विभिन्न कोष तर्फको आय	४३४२६३३१.६५	६	कुल खर्च	
	विभाज्य कोष	३१५३५२४०.६५	**७**	कोष खर्च	४०८९९५४२.०८
	प्रकोप व्यवस्थापन कोष	११८९१०९१		प्रकोप व्यवस्थापन कोष	११३३५८६०.०८
८	जनसहभागिता (नगद)	१०४६६६२८		विभाज्य कोष	२९५६३६८२
९	गत आ.व.को सामाजिक सुरक्षा भत्ता फिर्ता		८	मौज्दात	
१०	धरौंटी प्राप्त रकम	६१३०१९४.३६		क) नगद मौज्दात	
११	लगानीको सॉंवा फिर्ता			ख) बैंक मौज्दात	१९७०९२३३५.३
१२	अन्य विविध आय			१) ग.१.१ आन्तरीक राजश्व खाता	२६०४६९
				२) ग.३ धरौटी खाता	३७१६५२९५.४७
				३) ग.४.१ संचित कोष	१५३८५७४१५
				४) ग.५.१ विविध कोष खाता	१६३८५४९.९५
				५) ग.६.१ विभाज्य कोष खाता	१९७१५५८.६५
				६) ग.७.१ आकस्मिक कोष खाता	
				७) ग.७.२ प्रकोप व्यवस्थापन खाता	५५५२३०.९२
	जम्मा	**१५२०१८९७९८**		**जम्मा**	**१५२०१८९७९८**

नोटः संचित कोषमा रहेको बैंक मौज्दातबाट संघिय सरकारमा रु.१०६६०४३०६.७० र प्रदेश सरकारको संचित कोषमा रु.३१५५८९५.४१ रकम दाखिला गरिएको छ ।

दफा नं.	गो.भौ.नं., मिति, व्यहोरा	बेरुजू रकम
	उल्लेखित आर्थिक कारोबारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु, लिखित प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन ।	
१.	**सेवा प्रवाह -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिश, नाता प्रमाणित,, जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, विद्युत मिटर सिफारिश, निशुल्क सिफारिश लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरि अभिलेखिकरण गरिनु पर्दछ ।पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ ।	

सेवा प्रवाहको विवरण	निवेदन संख्या	सिफारिस संख्या
नागरिकता सिफारिस	१३५८	१३५८
घरबाटो सिफारिस	१९३०	१९३०
नात प्रमाणित	६९७	६९७
जन्म मृत्यु दर्ता	१४७९	१४७९
अन्य	१७२०	१७२०
जम्मा	**७१८४**	**७१८४**

दफा नं.	गो.भौ.नं., मिति, व्यहोरा	बेरुजू रकम
२.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • नगरपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन ।पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम खर्चको संरचना तयार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता नराखेको, बिल मिति र कार्यसम्पन्न मिति नभएको। • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।	

- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा केहीमा पालना भएको पाईएन।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- आ.व. ७६/७७ मा तलब खर्च गर्दा तलबी प्रतिवेदन पारित नगरी खर्च गरेको छ ।
- कार्यालयले आफ्नो उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी जोखिमको मूल्यांकन गर्ने, सोको अद्यावधिक अभिलेख राखी जोखिमको रोकथाम तथा निराकरण गर्नका लागि आवश्यक संयन्त्रको व्यवस्था गरेको पाइएन (प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को २० को नियम ९४)
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको।

आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३. **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निःशुल्क रुपमा उपलव्ध गराई सवै नगरपालिकाहरुले प्रदेश संचितकोष व्यवस्थापन प्रणाली Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । निम्नानुसार कार्यक्रमको बजेट तथा खर्च रकम सुत्रमा अभिलेख नभएको देखियो । सुत्रमा अभिलेख भएको ०७६/७७ को कारोबारको आय व्यय विवरण अनुसार चालुमा रु ६२७७३२१६९.२५ र पुँजीगतमा रु ३७४४६७४६२.२६ समेत वर्षभरिमा कुल खर्च रु १००२१९९६२१.५१ भएको देखिन्छ । यो खर्चमा निम्न ७ बजेट उपशिर्षकमा भएको रु २३८८४११५१.८६ समावेश भएको छैन । सो समेत समावेश गर्दा पालिकाको कुल खर्च रु १२४१०४०७७३.२७ भएको देखिन्छ । पालिकाले सम्पूर्ण आर्थिक कारोवार सुत्रमा अभिलेख गर्नु पर्दछ ।

सि.नं.	ब.शि.नं.	कार्यक्रम	बजेट	खर्च
१	३१४०१०११३	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण	१३०७०००	७७१३०६
२	३१४०१०११४	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण	२०६०००	५०८५०
३	३४०००१०२३	समाज कल्याण जेष्ठ नागरिक कार्यक्रम	१०००००	१०००००
४	३६५००१०४३	स्थानीय पूर्वाधार विकास साझेदारी	२६२३५०००	२५८०२४१८.८९
५	३४०००१०५३	राष्ट्रिय महिला उत्थान कार्यक्रम	१००००	१००००
६	३२५०११०६४	पर्यटन पूर्वाधार विकास कार्यक्रम	२५००००००	२४००७३७६.९३
७	३१४०१०१२३	सामाजिक सुरक्षा कार्यक्रम	१८८८२५०००	१८८०९९२००
जम्मा			२४१६८३०००	२३८८४११५१.८२

४. **कार्यक्रमगत खाताः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३३ (२) र (३) मा बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी प्राप्त गरी बार्षिक कार्यक्रम सञ्चालन गर्ने रकम निकासा माग गरी खर्च गर्नुपर्ने व्यवस्था छ ।स्वीकृत कार्यक्रम अनुसार कार्यालयद्धारा सञ्चालन गरिने कार्यक्रमहरु सञ्चालनका लागि बजेट व्यवस्था भै चौमासिक रुपमा सञ्चालन हुने कार्यक्रमको बजेट, खर्च देखिने गरि अभिलेख राखेको पाईएन ।बार्षिक बजेट, कार्यक्रममा खर्च र कार्यक्रम बजेटको अवधारणा अनुसार स्वीकृत बजेट भन्दा बढी खर्च नहुने र कार्यक्रमको प्रभावकारीता र उपलव्धीको मापन समेत एकीन गर्न सकिने हुँदा कार्यक्रमगत खाता व्यवस्थितरुपमा राख्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ ।

५. **खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक

	खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरीद ऐन र नियमावलीको तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सो सम्वन्धी जिम्मेवारी बहन गराउन ध्यान दिनु पर्दछ ।	
६.	**कन्टिन्जेन्सी खर्चः** सार्वजतिक खरिद नियमावली, २०६४ को नियम १० अनुसूची १ अनुसार कन्टीन्जेन्सी खर्चको व्यवस्था गरेको छ । नियमावलीको नियम १० (७) अनुसार अनुसूची १ मा वर्क चार्ट खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत भनी उल्लेख छ । कार्यालयले यो आर्थिक वर्ष के कुन कुन शिर्षकमा के कति कन्टिन्जेन्सी खर्च भएको छ सो खुल्ने विवरण प्राप्त नभएकोले विष्लेषण गर्न सकिएन।	
७.	**परामर्शदाताः-** सार्बजनिक खरिद ऐन, २०६३ को दफा २९ ले सम्बन्धित सार्बजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा सार्बजनिक निकायले परामर्श सेवा खरिद गर्न सक्ने व्यबस्था गरेको छ । सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२ ले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले तयार गरेको नमर्सलाई आधार लिनुपर्ने उल्लेख गरेको छ । कार्यालयले योजनाको विस्तृत अध्ययन, सर्भे, डिजाइन, नक्सा र प्रतिवेदन तयारी गर्न ७ परामर्शदातालाई रु.५२ लाख ४२ हजार भुक्तानी गरेको छ । यसरी परामर्शदाता नियुक्त गर्दा आन्तरिक जनशक्तिवाट कार्य सम्पादन हुन नसक्ने स्पष्ट आधार खुलाएको छैन । स्पष्ट आधार र आवश्यकता बेगरको परामर्श खर्चले कार्यालय अन्तर्गत सञ्चालन हुने योजनाहरुको लागत बृद्धि हुने हुँदा लागत बृद्धि नियन्त्रण गर्न आवश्यक कारवाही गर्नुपर्दछ ।	
	बजेट तथा कार्यक्रम	
८.	**बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले मिति २०७६।३।८ गते रु.१ अर्व ६५ करोड ४१ लाख ३५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।२७ मा पारित भएको छ । स्थानीय तहका प्रमुखले २०७६।४।२१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
९.	**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको पुजिगत खर्चको विवरण अनुसार प्रथम चौमासिकमा ३७.९१ प्रतिशत दोस्रोमा ५०.१८ प्रतिशत र तेस्रो चौमासिकमा ११.९१ प्रतिशत छ । नियम अनुसार खर्च गर्नुपर्दछ।	
१०.	**लक्ष्य/प्रगति स्थिति –** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५को नियम २०(१)र नियम २६बमोजिम अनुसुची ३ को ढाँचामा बजेट खर्च समेत देखिने गरी चौमासीक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नियमको उक्त व्यवस्था अनुसार सबै कारोबारको भौतिक प्रगति तयार नगरेकोले बार्षिक लक्ष्य अनुसारको प्रगति हासिल भए नभएको बिश्लेषण गर्न सकिएन ।	
	संगठन तथा कर्मचारी ब्यवस्थापन	
११.	**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।	

	पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित १२५ जना पदपूर्ती भएको देखिन्छ, जसमा समायोजन भई आएका २७ जना र साविक स्थानीय निकायका ९८ जना रहेका छन् । विवरण अनुसार १९१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथासक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१२.	**कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्बेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले स्थायी दरबन्दी पूर्ती नगरी विभिन्न पदमा ६७ जना कर्मचारीहरु करारमा राखेको छ। ऐनको व्यवस्था अनुसार हुनु पर्दछ।	
१३.	**कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष पालिकाका कर्मचारीहरुलाई तलबको १० प्रतिशत हुने गरी मासिक रुपमा प्रोत्साहन भत्ता वापत बार्षिक रु ३७००००० । खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ ।	
	कानून निर्माण एवं कार्यान्वयन	
१४.	**कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २५ वटा ऐन, ५ वटा नियमावली, २१ कार्यविधि, ५ निर्देशिका र १ नर्म्स गरी ५७ जटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।	
१५.	**न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ९५ र यो बर्ष थप भएको १०२ गरी कुल १९७ विवाद दर्ता भएकोमा ९७ वटा मात्र फछ्र्यौट भई १०० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
	पदाधिकारी सुविधा	
१६.	**चाडपर्व खर्चः** प्रदेश नं. १ को गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७५ को अनुसुचि १ (ख) नगरपालिकाको प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिकाको सदस्य तथा वडा सदस्यको सुविधा उल्लेख छ । जनप्रतिनिधिहरुले चाडपर्व खर्च बापत रु. १०००० का दरले ५४ जनाको रु. ५४०००० पदाधिकारीहरुलाई पालिकाको आफ्नो आन्तरिक आम्दानीबाट खर्च लेख्नु पर्नेमा नेपाल सरकारको स्रोतबाट खर्च लेखेको पाइयो । नियमको पालना हुनुपर्दछ ।	
१७.	**अनुगमन भत्ताः** प्रदेश नं. १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ को उपदफा (१) र दफा ८ को उपदफा (१) सँग सम्बन्धित अनुसूची १ (ख) अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यलाई तोकिए बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । द्रष्टव्य खण्डमा नगरपालिकामा मासिक अनुगमन भत्ता भुक्तानी लिंदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । तर	

	पालिकाले पदाधिकारीहरुलाई ऐन बमोजिम मासिक रु ८३००० ले बार्षिक रु ९९६००० भुक्तानी भए तापनि अनुगमन प्रतिवेदन पेश नभएको पाइयो । ऐनको पालना हुनुपर्दछ ।	
	अनुदान फिर्ता, वितरण र उपयोग	
१८.	**अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ ।पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद, विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेके छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ।	
	राजस्व तर्फ	
१९.	**कारोवारको लेखाः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा २३ (४) अनुसार राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० कार्यालयले अर्थ मन्त्रालयबाट स्वीकृत राजश्व वर्गीकरणको व्याख्या अनुरुप लगती तथा हसवली राजश्व आम्दानी दाखिला गरी नियम ९ वमोजिम आम्दानी जनाउँदा दोहोरो स्रेस्ता प्रणाली अनुसार राजश्व स्रेस्ताको लागि महालेखा परीक्षकको कार्यालयबाट तोकिएको ढाँचामा लेखा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाको वडा कार्यालयबाट प्राप्त हुने राजश्वको अभिलेख तोकिएको ढाँचामा नराखेको, प्राप्त राजश्व एकमुष्ठ जम्मा गर्ने गरेको देखिन्छ । राजश्व समयमै बैंक दाखिला नगर्ने, तोकिएको ढाँचामा अभिलेख नराख्ने गर्दा राजश्वको हिनामिना हुनसक्ने भएकोले यसतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।	
२०.	**आन्तरिक आयको अभिलेखः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ (५) ले राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, बित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • मासिक राजस्वको फाँटवारी तयार नगरेको । • राजस्वको बैंक हिसाब मिलान विवरण मलेप १०९ तयार नगरेको । • राजस्व समयमा दाखिला नगरेको । • प्रत्येक वडा कार्यालयले संकलन र दाखिला गरेको आन्तरिक आयको हिसाब लिई भिडान नगरेको । • वडा कार्यालयले दाखिला गरेको आधारमा मात्र संचित कोषमा आम्दानी बाध्ने गरेको । रसिद नम्वर र वैक भौचरलाई दैनिक आम्दानी रजिष्टरमा पोष्टिङ नगरि वैकमा आम्दानी भएको र राजश्व असुल गर्ने व्यक्तिले जम्मा गर्न ल्याएको आधारमा आम्दानी भयो भनि एकिन गर्न सक्ने अवस्था रहेन ।	
२१.	**रकम ढिला दाखिला गर्ने** - प्रदेश आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ८ (३) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गतका वडाहरुले कतिपय मासिक रुपमा मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ।	
	नदी जन्य सामाग्री / खोलाकर ठेक्काः	
२२.	**मूल्य अभिवृद्धि कर छुट –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा उल्लेख भएका सेवा तथा बस्तु तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी कर छुट हुने भनी उल्लेख भएको बस्तु तथा सेवा बाहेकका बस्तुमा मू.अ.कर छुट दिन नहुने व्यवस्था छ । सम्झौता बमोजिम आय ठेक्का अग्रीम दाखिला गरेमा १० प्रतिशत सम्म छुट हुने	

	र कबोल मूल्यमा लाग्ने अभिवृद्धि कर छुट दिन मिल्ने देखिदैन ।रतुवा र मावा खोलाबाट स्वीकृत आ.इ.ई. प्रतिवेदन अनुसार निर्माण सामाग्रीको उत्खनन् संकलन गर्न २०७६/७/४ को बोलपत्र सुचना अनुसार कबोल गर्ने हिना कन्स्ट्रक्सनसँग मिति २०७६/९/१ देखि २०७७ जेठ मसान्त सम्मका लागि रु. ५२१००००० र भ्याट रकम रु.६७७३००० समेत रु.५८८७३००० को ठेक्का सम्झौता भएकोमा मिति २०७६/९/७ को निर्णयबाट एकमुष्ट रकम बुझाएमा १० प्रतिशत छुट गरि रु.४६८९०००० रकम २०७६/१०/१३ मा धरौटी खातामा दाखिला गरेको छ। सम्झौता अनुसारको रकम रु.५२१००००० को १३ प्रतिशत मु.अ.कर रु.६७७३००० दाखिला गर्नु पर्नेमा मिति २०७६/१०/१३ मा पालिकाको धरौटी खातामा रु. ३०४८००० मात्र दाखिला गरी मिति २०७७/१/१६ मा धरौटीबाट मु.अ.कर खातामा दाखिला गरेको देखिन्छ। मिति २०७६/९/१ देखि २०७७ जेठ मसान्त सम्मको ठेक्का सम्झौता रकम रु.५२१००००० मा मात्र १० प्रतिशत छुट पाउनेमा मु.अ.कर मा समेत छुट गरेको देखिएकोले २०७७ जेठमा नै सम्झौता समाप्त भई सकेकोमा हालसम्म पनि बाँकी मु.अ.कर रकम दाखिला भएको नदेखिएकोले रु.	३२२५०००
२३.	पार्किङ्ग सेवा शुल्क ठेकेदार रेनता निर्माण सेवासँग २०७६/३/१३ मा मु.अ.कर बाहेक रु.३७०११०० को ठेक्का कबुल गरेकोमा ठेक्का सम्झौता भएको देखिएन।ठेक्का रकम पटक पटक बुझाएता पनि बुझाउनु पर्ने मुल्य अभिवृद्धि कर वापतको रु.४८११४३ मध्ये रु.८०००० मात्र बुझाएको र बाँकी रु.४०११४३ हालसम्म बाँकी रहेकोले दाखिला हुनु पर्ने रु.	४०११४३
२४.	कृषि तथा कृषि वस्तुको कारोबारमा लाग्ने कर (पशुहाट कर) को ठेक्केदार नितु कन्स्ट्रक्सनसँग २०७६/४/१ मा रु.१४६४६९०३.५४ को ठेक्का सम्झौता भएकोमा १० प्रतिशत छुट गरी ठेक्का रकमको रु.१३१८२२१३ असुली भएता पनि कुल सम्झौता रकमको १३ प्रतिशत मु.अ.कर वापतको रु.१९०४०९७.४६ मध्ये २०७६/४/२८ मा रु.८५६८४४ मात्र दाखिला भएको छ । कबोल मूल्यमा लाग्ने मूल्य अभिवृद्धि कर छुट दिन नमिल्ने हुदा रु.१०४७२५३.४६ हालसम्म दाखिला भएको नदेखिएकोले दाखिला हुनु पर्ने रु.	१०४७२५३.
२५.	आय ठेक्का अन्तर्गत सडक पुर्वाधार उपयोग सेवा शुल्क वापत हिमतारा पुर्वाधार विकास कम्पनी प्रा.लि.ले २०७६/४/१० को सम्झौता अनुसार वार्षिक ठेक्का रु.८४०७०७९ मध्ये रु.७४१२०७९ मात्र दाखिला गरेकोले बाँकी रु.९९५००० हालसम्म दाखिला भएको नदेखिएकोले दाखिला हुनु पर्ने रु.	९९५०००
२६.	गत विगत वर्षमा नै ठेक्का सम्झौता भएका निम्न आय ठेक्काको रकम असुल नभै साविक देखि नै बाँकी रहेको देखिएकोले नियमानुसरा असुल दाखिला गरी हिसाब अद्यावधिक गर्नु पर्दछ।	

सि.नं.	ठेक्काको नाम	फर्मको नाम	बक्यौता रकम
१.	पटक सवारी	अर्जुन राई	१७०८५२
२.	पार्कीङ्ग सेवा शुल्क	भिष्म प्रताप भण्डारी	३७१३३४
३.	हाटकर	सुवास चन्द्र तामाङ्ग	१०३८७२
४.	पार्कीङ्ग सेवा शुल्क	सान बहादुर धिमाल	५००००
५.	पटके सवारी कर	सुरेश भण्डारी	३४६६८३
६.	पार्कीङ्ग सेवा शुल्क	किरण दुलाल	२५३९५
७.	हाट कर (बेलडाँगी)	प्रेम अधिकारी	२१०००
		जम्मा	**१०८९१३६**

२७.	आ.व.२०७६/७७ मा अमानतबाट नदीजन्य सामाग्री सङ्कलन र बिक्री गर्न २०७६/७/७ देखि २०७६ मंसीर मसान्तसम्म विभिन्न व्यक्ति, वडा तथा अन्य पालिकाबाट खरिद अनुसार रु.७८९२९४७.१५ असुली गरेको विवरण प्राप्त भएको छ।सो मध्ये रु.६४५७९६०.४९ मात्र बैंक दाखिला भै निम्नबाट रु.१४३४९८६.६६ हालसम्म दाखिला नभएको देखिन्छ।जम्मा असुली, दाखिला र दाखिला गर्न वास्तविक रकम एकिन गरी दाखिला हुनु पर्ने देखिएको रु.	१५५५४६.

सि.नं.	सङ्कलन गर्ने	बाँकी रकम
१.	वडा नं.१	५७०५४.५०
२.	वडा नं.२	९८४९१.७०

	जम्मा	१५५५४६।

२८. **नन्फाइलर** - मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६(१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले विक्रम सम्वत् अनुसारको एक महिनाको कर अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले २५दिनभित्र सम्बन्धित कर अधिकृत समक्ष पेस गर्नुपर्ने उल्लेख छ ।सो व्यवस्थाअनुसार करदाताले लेखापरीक्षणको अवधिसम्म पनि विवरण दाखिला नगरेको व्यहोरा आन्तरिक राजस्व विभागको वेभसाइटबाट देखियो । उल्लेखित त्रिशाला कन्स्ट्रक्सन प्रा.लि.लाइ भुक्तानी दिएकोमा उक्त व्यवसायी कर दाखिला नगरी नन् फाइलर रहेको पाइयो । भुक्तानी भएको मूल्य अभिवृद्धि करको कर समायोजन विवरण पेश हुनु पर्ने रु. १३८४५

सि.नं.	निमार्ण व्यवसायी	पान नं	बिजक मिति	बिजक नं	मु.अ.कर	कैफियत
१	त्रिशाला कन्स्ट्रक्सन प्रा.लि.	६०४३१४२२६	२/१७	२८	१३८४५	Non-filer since 2076/M/4

आयकर एवं मू.अ.कर

२९. **भुक्तानीमा कर –** आयकर ऐन, २०५८ को दफा ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु. ६०४१.५०

भौ.नं. र मिति	विवरण	कर विवरण	कर कट्टी		कर असूल गर्नुपर्ने
			भएको	हुनुपर्ने	
५११-९/२२ चालु	आसिफ खान व्याट्रि एण्ड साउण्ड सिस्टम रु ३२०००	बहाल कर	४८०	३२००	२७२०
१३३३-३/२७ चालु	यदुनाथ तिम्सिनालाई प्रतिवेदन तयारी गरेवापत रु १५००० भुक्तानी	पारिश्रमिक कर	१५०	२२५०	२१००
११४१-२/३२ चालु	देवीथाने निर्माण सेवा ८९.५ घण्टा र ८५ घण्टा गरी कुल १७४.५ घण्टा को रु ७०० का दरले	ढुवानी कर	१८३२.२५	३०५३.७५	१२२१.५
जम्मा					६०४१.५०

उपभोक्ता समिति मार्फत कार्य

३०. **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ । उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्काद्धारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन ।गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण समाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ ।

३१. **एजविल्ट नक्सा पेश नभएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस बर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन । सम्पन्न योजनामा भएको नपाइएकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ ।

३२. **मर्मत सम्भार कोष–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने

व्यवस्था रहेको छ । साथै कार्यालयले विभिन्न आयोजना कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु–सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ ।

३३. **नापी किताबः** निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई नापी किताव नराखीदा नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज नहुने हुँदा अभिलेख राखीनु पर्दछ ।

चालु तर्फ

३४. **आर्थिक सहायता** – नगरपालिकाले सभावाट पारित गरी आन्तरिक चालु खर्च शीर्षकबाट विपन्न नागरिक तथा प्रकोप पिडीतलाइ घरवास तथा औषधी उपचार खर्च वडा कार्यालयको सिफारिस राखी नगरपालिकाको वैठकको निणर्यवाट आर्थिक सहायता स्वरुप रु २११०९६७ भूक्तानी गरेको छ । यस्तो खर्च लेख्न आवश्यक कार्यविधी तथा मापदण्ड तयार गरेको छैन । मापदण्ड तयार गरी यस्तो सुविधा दिने कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

३५. **इन्धन खर्चको मापदण्डः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन।

३६. **बैठक भत्ताः** प्रदेश नं. १ को गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७५ को दफा (३) (२) मा वडा समितिको बैठक जतिसुकै पटक बसेपनि वडा अध्यक्षले ३ वटा र वडा समितिका सदस्यले बढीमा २ वटा बैठक भत्ता पाउने व्यवस्था छ । वडा नं. १ का पदाधिकारीले श्रावण र भाद्रमा तोकिएको सुविधा भन्दा बढी बैठक भत्ता बुझेको हुँदा बढी भुक्तानी रकम असूल हुनुपर्ने रु ६८००

सदस्यको नाम	**पाएको वैठक सं.**	**पाउनुपर्ने वैठक सं.**	**बढी सं.**	**बढि भुक्तानी**
गिरीभक्त सोडमोड राई	६	४	२	१७००
सीताराम पोखेल	६	४	२	१७००
नविना मोहोरा	६	४	२	१७००
निर माया पुलामी मगर	६	४	२	१७००
जम्मा				**६८००**

३७. **समानीकरण अनुदानबाट विद्यालयलाई अनुदानः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले वित्तीय समानीकरण अनुदानबाट देहायका विद्यालयलाई अनुदान रु.५५०००० दिएको देखियो । शैक्षिक व्यवस्थापनका लागि भएको भुक्तानीको उपयोगिता भए नभएको अनुगमन हुनुपर्दछ ।

भौ.न. र मिति	**विद्यालय**	**विवरण**	**भुक्तानी**
१५८-६/१६ २२०-२/२०	भृकुटी मा.वि.	शिक्षक व्यवस्थापन	४००००००
२५७-७/२८	दीपिनी आधारभुत विद्यालय	आईटी प्रवर्द्धन	१५००००
जम्मा			**५५००००**

<table>
<tr><td>३८.</td><td>खेलकुद विकास कार्यक्रमः नगरपालिकाले खेलकुद विकास कार्यक्रम तर्फ विभिन्न संघ संस्थाहरुलाई विभिन्न खेलकुद सामाग्री खरिद, विभिन्न खेलमा सहभागी भएबापत सहयोग, विभिन्न प्रतियोगिता सञ्चालन आदि जस्ता कार्यक्रमहरुका लागि भुक्तानी भएको देखिएकोमा उक्त संघहरुले खरिद गरेको सामाग्रीहरुको अभिलेख राखेको देखिएन । यस्ता संस्थाहरुलाई नगरपालिकाबाट सामानको सदुपयोग बारे अनुगमन गर्नुपर्ने देखिन्छ । खेलकुद विकास कार्यक्रम अन्तर्गत भुक्तानी भएको केही उदाहरणहरुः</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>गो.भौ.नं.</th><th>संघको नाम</th><th>भुक्तानी</th></tr>
<tr><td>१९८-७/५</td><td>गोर्खा स्पोटिङ्ग क्लब</td><td>७००५०</td></tr>
<tr><td>३०१-८/५</td><td>प्रथम दमक चुलाचुली कप, २०७६</td><td>२०००००</td></tr>
<tr><td>३०२-८/५</td><td>धिमाल जाति फुटबल टिम समिति</td><td>६००००</td></tr>
<tr><td>४०१-८/२४</td><td>प्रथम दमक चुलाचुली कप</td><td>१०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३९.</td><td>दाखिला नभएकोः १२६६-३/३१ आर्थिक कार्यविधि नियमावली २०६४ नियम ४७ (१) बमोजिम कार्यालयमा रहेको र खरीद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनैं प्रकारबाट प्राप्त जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई ७ दिन भित्र आम्दानी बाध्नु पर्ने व्यवस्था छ । नगर स्वास्थ्य दमक १० औषधी खरीद जिन्सी आम्दानी बाधेकोले नदखिएकोले दाखिला प्रमाण पेश गर्नुपर्ने रु.</td><td>३७१५०</td></tr>
<tr><td>४०.</td><td>वितरण भरपाई ३६५-८/१६ प्रदेश आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । वडा सचिव भोष कुमार थुलुङले बालक्लबका लागि टि सर्ट आइडि कार्ड लगायत सामान खरीद गरेकोमा वितरण भरपाई नभएकोले सम्बन्धित लाभग्राहीले सामान बुझेको भरपाई बेगर खर्च लेखिएको देखिएकोले खर्चलाई पुष्टि गर्ने भरपाई पेश हुनुपर्ने रु.</td><td>१७४००</td></tr>
<tr><td>४१.</td><td>फोहोरमैला व्यवस्थापनः दमक नगरपालिका क्षेत्रमा दैनिक उत्पादन हुने फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य गर्न सार्वजनिक निजि लागत साझेदारीमा पाथवे नेपाल प्रा.लि संग पालिकाले मिति २०७१/१२/१६ मा ५ वर्षेको लागि सम्झौता गरेको देखिन्छ । सम्झौताको बुँदा नं. १.८ मा संस्थाले मासिक रुपमा फोहोरमैला व्यवस्थापन गरेवापत भुक्तानी लिने रकममा भ्याटको रकम जोडिने छैन भनि उल्लेख छ । तर संस्थालाई आ.व. ७६/७७ मा भ्याट वापत मासिक रु ५७८५० गरी ९ महिनामा कुल रु. ५२०,६५० भ्याट रकम भुक्तानी भएको देखियो । यसरी सम्झौता भन्दा फरक गरि भुक्तानी गर्न मिल्ने नदेखिएको रु</td><td>५२०६५०</td></tr>
<tr><td>४२.</td><td>बढी भुक्तानीः १३३०-३/२७ नेपाल गृल उद्योगले ५११ वटा विरुवा सुरक्षाबारको लागि रु ४८९५८५.०५ कोटेशन पेश गरेको सो कोटेशन न्यूनतम भई पालिकाले कार्यदेश दिएकोमा कार्य सम्पन्न पश्चात विल रु ४९९५६५ को पेश गरी सो फर्मले अग्रीम कर कट्टी गरी रु ४९२९३३ भुक्तानी लिएको देखियो । फर्मलाई कबोल अंक भन्दा बढि भुक्तानी भएकोले कर कट्टी गरी बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु</td><td>१०६९१.७२</td></tr>
<tr><td>४३.</td><td>बढी भुक्तानीः ९५३-१/३० दमक स्टिल फेब्रीकेटर उद्योगलाई बाल निर्माण र रंगरोगन वापत कार्यसम्पन्न प्रतिवदेन बमोजिम अग्रीम कर कट्टी गरि रु ४८५६९९.७२ हुनुपर्ने सो फर्मले पेश गरेको विलका आधारमा रु ४९२४८८ भुक्तानी भएको देखिएकोले बढी भुक्तानी रकम असूल हुनुपर्ने रु</td><td>६७८८.२८</td></tr>
<tr><td>४४.</td><td>सम्झौता अनुसार नभएकोः १०६९-२/२० पाथिभरा कुलिनरी आर्ट प्रा.लि. ले २०७६/१०/१७ देखी २०७७/०१/१५ सम्म ३ महिने कुकिङ तालिम कार्यक्रमका लागि रु ५००००० मा पालिकासंग सम्झौता गरेको देखिन्छ, भौ.नं. ३५६-१०/१६ बाट सो कार्यक्रमका लागि रु १५०००० अग्रिम पेश्की लिएको देखिन्छ । विश्वव्यापी कोरोना संक्रमणका कारण ३ महिने कार्यक्रमलाई २०७६/१२/११ मा सो कार्यक्रम स्थगित गरेको र सामान्य परिस्थिती भएपछि बाँकी अवधीको कार्यक्रम सम्पन्न गर्ने भनिएता पनि सम्झौता बमोजिम तोकिएको अवधि सम्म कार्यक्रम संचालन गरेको देखिएन।</td><td></td></tr>
<tr><td></td><td>नगरपालिका पुँजिगततर्फः</td><td></td></tr>
</table>

४५.	**बढी भुक्तानी असूल** ८६-८/११ दिपिनीमार्ग सडक उ.स.लाई दिपिनी मार्ग ढल तथा रेलिङ्ग लगाउने कार्यको जम्मा लागत रु. ५५००८५८.५० मध्ये न.पा.बाट रु.५०००००० भुक्तानी दिने उल्लेख छ।दोश्रो बिल २.५ प्रतिशत कन्टिन्जेन्सी समेत रु.१२६३५९६.७७ पेश भएकोमा भुक्तानी गर्दा रु.१४००००० मा कन्टिन्जेन्सी रु.३५००० र कर रु.१८२७२ कट्टा गरी रु.१३४६७२८ समितिलाई दिइएकोले बढी भुक्तानी भएको रु. १३३६७५ असूल गर्नुपर्ने रु	१३३६७५
४६.	**असुल** १७४-१०/२६ किरातेश्वर कन्स्ट्रक्सन एण्ड ड्रिलिङ्ग कं.प्रा.लि.लाई बाल विकास केन्द्र स्तरोन्ती कार्यको अन्तिम बिल पेश गर्दा जनरल आइटमको प्राभिजनल सममा मु.अ.कर समेत भुक्तानी भएकोले मु.अ.कर वापतको आधा रकम असुल हुनुपर्ने रु.	१३४३२.८६

कार्य	रकम	मु.अ.कर समेत
योजनाको सुचना बोर्ड	६००००	६७८००
सामाग्री आपुर्ति आदि	१४६६५९.४६	१६५७२५.२०
जम्मा	**२०६६५९.४६**	**२३३५२५.२०**

४७.	**भाडा कर** १३९-९/२३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को (९) मा उपभोक्ता समितिले सञ्चालन गरेको निर्माण कार्यमा एक्साभेटर, लोडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ।शहिद वन वाटिका उ.स.ले पोखरी निर्माण कार्य गर्दा निम्न निर्माण व्यवसायीको हेभी मेशिन भाडामा लिई निर्माण कार्य गरेको छ। मेशिन भाडामा लिइएकोमा आयकर ऐन, २०५८ बमोजिम १० प्रतिशत भाडा कर कट्टी गरेको नदेखिएको रु.	२९७९२.५

नाम	बिल र मिति	मेशिन	भाडा दर	भुक्तानी रकम	८.५% कर
देवीथाने नि.से.दमक	६-७/१७४	एक्साभेटर	२१०घण्टा रु.११०० ले	२५३०००	२१५०५
बालकुमारी भुमेश्वरी सप्लायर्स	१५-८/६	ब्याकहो लोडर	६५घण्टा रु.१५०० ले	९७५००	८२८७.५०
			जम्मा	**३५०५००**	**२९७९२.५**

४८.	**बढी भुक्तानी** १३९-९/२३ शहिद वन वाटिका उ.स.बाट पोखरी निर्माण गरेको दोश्रो बिल रु.११५९९६७.७६ मा कन्सल्टेन्सी रु.२८९९९.१९ समेत रु.११८८९६६.८९ को मात्र कार्य भएकोमा यस गोश्वारामा रु.१३६२४८५ कायम गरी कन्टिन्जेन्सी रु.३००६३, कर रु.१९९२७ समेत रु.५३५९० कट्टी गरी रु.१३०८४९५ भुक्तानी भएको छ।वास्तविक भुक्तानी गर्दा रु.११८८९६६.८९ मा कर रु.१७३९९.५१ र कन्टिन्जेन्सी रु.२८९९९.१९ समेत रु.४६३९८.७० कट्टी गरी रु.११४२५६८.१९ मात्र हुने हुँदा बढी भुक्तानी भएको देखिएको रु.	१६५९२७.
४९.	**असुल** २००-११/१२ वल्ड ट्रेड कन्स्ट्रक्सन प्रा.लि.लाई नगरपालिकाको प्रहरी भवन निर्माणको दोश्रो रनिङ्ग बिल भुक्तानी गर्दा कन्टिन्जेन्सी रु.४६९९४ समेत भुक्तानी भएकोले सो असुल दाखिला हुनु पर्ने रु.	४६९९४
५०.	**प्रोभिजनल सम** २२०-१२/२८ अभियान निर्माण सेवालाई तरकारी बजार भवन निर्माणको दोश्रो बिल भुक्तानी गर्दा प्रोभिजनल सममा रहेको Relocation of the utilities and services मा रु.१५०००० र योजनाको सुचना बोर्डको रु.३०००० समेत रु.१८०००० मा १३ प्रतिशतले रु.२३४०० समेत रु.२०३४०० भुक्तानी भएकोले सोको बिल पेश भएको छैन।जनरल आइटममा भएको प्रोभिजनल सममा मु.अ.कर दिन नमिल्ने हुँदा ५० प्रतिशत भुक्तानी असुल हुनु पर्ने रु.	१६७००
५१.	**बिल भरपाई** २०७-११/१४ कालिका कन्स्ट्रक्सन प्रा.लि.लाई आम्दा चाङ्गमी चौक सडक स्तरोन्ती कार्यको तेश्रो बिल रकम रु.६४४४६६२२.२२ पेश भएकोमा जनरल कार्यको प्रोभिजनल सममा रहेको Relocation of the utilities and services कार्यको रु.९००००० मा १३ प्रतिशत मु.अ.कर समेत भुक्तानी गरेकोमा सोको बिल भरपाई छैन।प्रोभिजनल सममा मु.अ.कर भुक्तानी गर्न नमिल्ने हुँदा रु.११७००० को ६.५% ले रु.५८५०० असुल हुनु पर्ने रु.	५८५००
५२.	**बढी पेश्की** ४३९-३/३१ माङसुवा-प्रविन जे.भी.लाई वडा कार्यालय भवन निर्माणको ठेक्का रकम रु.३१९३१२९२.१० को मोविलाइजेशन पेश्की १० प्रतिशतले रु.३१०००० मात्र दिनु पर्नेमा रा.वा.बैंक, भद्रपुरको चलानी नम्बर नभएको मिति २०७७/३/१९ (२०२०-७-३) को ग्यारेन्टी नं. APG 48/202/ अनुसार रु.३५००००० दिएको देखियो।ठेक्का	४०००००

रकमका १० प्रतिशतभन्दा बढी पेश्की दिएको रकम बिलबाट कट्टी गरीनु पर्ने रु.

५३. **कार्यसम्पादन जमानतः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) अनुसार बोलपत्र छनौट भएको सात दिनभित्र सम्बन्धित बोलपत्रदाताले सम्पादन जमानत दाखिला गरी दफा ५२ बमोजिमको खरिद सम्झौता गर्नु पर्दछ।यसरी जमानत दाखिला गर्दा बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नु पर्नेछ भनी उल्लेख गरेको छ।निम्न लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको योजनामा पनि घटी जमानत पेश गरेको पाइएकोले नपुग घटी कार्यसम्पादन जमानत वापतको रकम दाखिला गर्नु पर्ने देखिएको रु. १०५३३२३२.

क्र.सं.	निर्माण व्यवसायी	योजाको नाम	लागत अनुमान	कबोल अङ्क	घटी कबोल (%)	जमानत राख्नुपर्ने	जमानत राखेको	घटी जमानत
१.	सम्झना निर्माण सेवा, काठमाण्डौ	श्रृष्टि मार्ग दमक ५	१९९९१८५१.२	१२०५४१८०.२	३९.७०	३०७२१५५.७	२०८००००	९९२१५५.६६
२.	माङसुवा प्रविन निर्माण सेवा, झापा	वडा कार्यालय भवन ६ वटा	४८८०४२८२.१	३६८८०६४२.४	२४.४३	४१४५५३०.८	३५०००००	६४५५३०.७८
३.	माङसुवा प्रविन निर्माण सेवा, झापा	६ वटा आधारभूत स्वास्थ्य भवन	५०९५८४८७.९	४०७५८१२७.७	२०.०२	३३१६१९९.९	३०५६०००	२६०१९९.९
४.	हेना कन्स्ट्रक्सन, झापा	बुद्धपार्क कम्पाउण्ड वाल	१०५९६५६०.५	६८६५४०५.२२	३५.२१	१४१४१०५.९	१००००००	४१४१०५.८५
५.	अनुभव निर्माण सेवा, दमक	नमुना बस्ती भवन निर्माण दमक ७	१९२९१३४३.७	१२५८५६०५.४	३४.७६	२५३५२९८.६	१८०००००	७३५२९८.६४
६.	लुम्बिनी अर्घाखाँची जेभी	दमक अस्पताल भवन निर्माण, दमक १	३०७८३४६३६	२२६५४१७३२	२६.४१	२८८८५९४१	२१४०००००	७४८५९४०.८३
	जम्मा					**४३३६९२३१.९**	**३२८३६०००**	**१०५३३२३१.६६**

संघीय सरकारबाट हस्तान्तरीत कार्यक्रमः

५४. १८-२/२७ हिना कन्सट्रक्सनले तीनवटा स्कुल भवन निर्माणको प्रथम बिल रु.२०३०५८१.५२ पेश गरेकोमा जनरल आइटमको प्रोभिजनल समबाट योजना सुचना पाटी वापत रु.३०००० मा मु.अ.कर रु.३९०० समेत भुक्तानी भएकोमा बिल पेश गरेको छैन। प्रोभिजनल सममा मु.अ.कर समेत भुक्तानी भएकोमा गर्न निमल्ने रु. ३९००

५५. **सम्झौताको पालना** ४२-३/३० हंस सामुदायिक भवन निर्माण दमक-७ को रु.६६६४९१८.४८ लागतमध्ये रु.४६०५०५३.२२ कार्य गर्न आशिष अस्मिता निर्माण सेवासंग २०७६/१०/२ मा सम्झौता भै २०७७/३/२६ मा रु.४४५४२२१.९१ को कार्य सम्पन्न पेश भै भुक्तानी भएको छ।सुरु बी.ओ.क्यु.मा ल्याबोरेटरी परीक्षणको लागि रु.५०००० र इन्स्योरेन्स वापत रु.६०००० व्यवस्था भएकोमा दुवै कार्य गरेको छैन।भवनमा प्रयोग भएको निर्माण सामाग्रीहरुको ल्याव परीक्षण नगरिएबाट दिगोपना नहुने अवस्था हुन्छ। सम्झौताको पालना गरि कार्य हुनु पर्दछ ।

५६. **विद्यालय निर्माण** शिक्षा तथा मानव श्रोत विकास केन्द्र भक्तपुरको आ.व.२०७६/७७७ को कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७६/७७ को ८.५ मा नमुना विद्यालय सुधार गुरु योजना अनुरुप भौतिक निर्माण अनुदान अन्तर्गत गत आर्थिक वर्षबाट भौतिक निर्माणाधिन रहेको विद्यालयहरुको स्वीकृत गुरु योजनाले तोकेको क्षेत्रमा विद्यालय भौतिक निर्माणमा खर्च प्रयोजनका लागि यस आर्थिक वर्षमा रु.१ करोड ५० लाख रकम थप उपलब्ध गराउने उल्लेख छ।त्यस्तै पुस्तिकाको ८.३ मा समेत सो रकम नमुना विद्यालयको भौतिक निर्माण अनुदान भनी उल्लेख छ। हिमालय मा.वि.दमकलाई गुरु योजनामा उल्लेख भएअनुसार प्रशासन शैक्षिक आदिमा समेत खर्च गर्ने गरी निकासा भएको देखिएकोले विद्यालय निर्माण मात्र खर्च भएको पुष्टयाई पेश हुनु पर्ने रु. ४०७८६३२

५७.	**सुरक्षित नागरिक आवास कार्यक्रमः** १९९-२०७७/३/१७ सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को बुँदा नं.३ मा लक्षित वर्गको पहिचान र बुँदा नं.४ मा लाभग्राहीको छनौटको आधार तथा विधि बारे उल्लेख गरेको छ। कार्यालयले सुरक्षित नागरिक आवास कार्यक्रमको लागि ३९ जना लाभग्राहीहरुलाई रु.१३७७००० भुक्तानी गर्दा लक्षित वर्गलाई के कुन आधारमा पहिचान गरेको हो साथै लाभग्राहीको छनौटको आधार तथा विधि बारे स्पष्ट भएन।	
५८.	**लागत सहभागिता** – नगरपालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर नगरपालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको योजनाहरु न्युन देखियो। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।	
	शिक्षातर्फ	
५९.	**विद्यालयगत निकासा रजिस्टर्ड** – आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख भएकोमा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ ।	
६०.	**शरणार्थी बालबालिका** १६५-२०७७/३/३१ नेपाल सरकारको मन्त्री परिषद्को मिति २०७७/१/२४ को निर्णय तथा अर्थमन्त्रालयको प.सं.३५०-१ (ख) अनुसार नगरपालिकामा रहेको भुटानी शरणार्थी बालबालिकाको पठनपाठन व्यवस्थापनको सन्दर्भमा श्री ढुकुरपानी मा.वि.दमक-३ तथा चुलाचुली आ.वि.दमक-३ को लागि शिक्षक तथा शैक्षणिक व्यवस्थापन प्रयोजनार्थ एकमुष्ट रु.२४८५००० व्यवस्थापन भएको पाइयो। कार्यालयले ढुकुरपानी मा.वि.दमक,३ लाई रु.१०००००० र चुलाचुली आ.वि.दमक,३ लाई रु.३००००० गरी जम्मा रु.१३००००० निकासा गरी बाकी रु.११८५००० फिर्ता गरेको पाइएकोले सो रकम कुन प्रयोजनमा कति शरणार्थी संख्यालाई वितरण गरेको स्पष्ट हुनु पर्ने देखिन्छ।	
६१.	**माग फारमः** शिक्षक किताव खानावाट तलवि प्रतिवेदन पास गराई, अनुसूची १ अनुसारको फारम भरि शिक्षकहरुको तलब भत्ता चौमासिक माग बमोजिम निकासा दिनुपर्नेमा पालीका भित्रका २१ सामुदायिक विद्यालयका लागि शिक्षकको तलवि प्रतिवेदन पास नगराई आधारभुत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदानतर्फ रु.९७८५८००० र आधारभुत तथा माध्यमिक तहमा स्वीकृत दरबन्दी तथा अनुदानमा कार्यरत शिक्षकको थप तलब भत्तातर्फ रु.१८९२०९९७.८२ गरी जम्मा रु.११६७७८९९७.८२ निकासा भएकोमा तलवि प्रतिवेदन पास गराई निकासा हुनु पर्दछ ।	
६२.	**ढुवानी कर** : आयकर ऐन, २०५८ को दफा ८९ मा ढुवानी सेवा वापतको भाडा भूक्तानी गर्दा भूक्तानी रकममा २.५ प्रतिशतका दरले कर कट्टा गर्ने व्यवस्था छ । तर कार्यालयले देहायबमोजिमको भुक्तानीमा ढुवानी कर कट्टा नगरी भुक्तानी गरेको पाइएकोले असुल दाखिला गर्नुपर्ने रु.	७६६०

भौ.नं.र मिति	योजनाको नाम	ढुवानी रकम	ढुवानी कर
२-१०/२८	जनता आधारभुत विद्यालय भवन निर्माण	८५०००	२१२५
२६-३/२	पोल गाड्ने कार्य र तार गाड्ने कार्य	७०४००	१७६०
२७-३/२९	विपन्न वर्गका जनसमुदायलाई सुरक्षित आवास निर्माण	१५१०००	३७७५
	जम्मा	**३०६४००**	**७६६०**

	स्वास्थ्य तर्फ	
६३.	**निशुल्क औषधी खरिद र वितरण** – पालिकाले यस वर्ष सशर्त अनुदानबाट औषधीहरु खरिद गरि स्वास्य चौकी तथा	

सामुदायिक स्वास्थ्य इकाईहरुलाई हस्तान्तरण गरि पठाएको छ । खरिद भएका औषधीहरुको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च उपयोगिताको विश्लेषण गर्न सकिएन । पालिकाले निशुल्क वितरणको लागि आवश्यक पर्ने औषधीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको स्थानीय तहबाट संचालन गरिने कार्यक्रमहरुको मार्गदर्शन २०७५।७६ अनुसार अथोराइज्ड स्टक लेभल (**ASL)** र इमर्जेन्सी अर्डर पोइन्ट (**EOP)** निर्धारण र सोको आधारमा औषधीको आपूर्ति र वितरण व्यवस्था मिलाउनुपर्दछ ।

दमक अस्पताल तर्फ

६४. **गतवर्षको भुक्तानीः** प्रदेश आर्थिक कार्यबिधि नियमावली ,२०७५ को नियम ४१ (६) बमोजिम चालू वर्षको बजेटले नखामेको खर्च बिल भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनु पर्ने कारण खोली भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण पन्ध्र गते भित्र कार्यालय प्रमुख र प्रदेश लेखा इकाई कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालय, सम्बन्धित मन्त्रालय, प्रदेश नियन्त्रक कार्यालय तथा महालेखा परीक्षकको कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । तर मिति २०७६/३/३१ मा प्रमुख प्रशासकीय अधिकृतबाट भुक्तानी बाँकी भनि प्रमाणित गरेको विवरणका आधारमा विभिन्न फर्महरुलाई यस वर्षको बजेटबाट रु. ४७१६७८०. भुक्तानी गरेको पाइयो । नियमानुसार विवरण प्रमाणित गरेर मात्र यस्तो खर्च हुनु पर्दछ ।

६५. **विषेशज्ञ सेवा** अस्पतालमा स्थायी तर्फका कार्यरत ३१ कर्मचारीलाई ६९३८७३० मन्त्रालय करार तर्फका ८ लाई ३३४८६८० आ.व. ७६/७७ को ससर्त बजेटबाट ४ का.स. ७७९०४० तथा अस्पतालको करार सेवाका ४६ कर्मचारीलाई ११९४५२४० समेत कुल ८९ कर्मचारीलाई वर्षभरीमा १९०९७७७८। तलब खर्च लेखेको पाईयो ।अस्पतालमा विभिन्न १६ चिकित्सक कार्यरत रहेकोमा अस्पतालमा कार्यरत नरहेको चिकित्सकलाई विषेशज्ञलाई विषेशज्ञ सेवा लिईएको भनि वर्ष भरिमा अस्पतालको आम्दानीबाट २७०४१६०। भुक्तानी दिएको छ।

६६. **पुरै रकम बुझाएको** अस्पतालको नियमित हाजिर भै तलब भत्ता नखाने निम्न फिजिसियन डाक्टरलाई विशेषज्ञ सेवा दिईरहेको भनि वाहिरका डाक्टरलाई अस्पतालको कोठा, उपकरण र अन्य सुविधाहरु प्रयोग गरी विरामी जाँच गरेको प्रति विरामी २००।- र राउण्ड गरेको भए ४००।- पुरै रकम बुझाएको देखियो । अस्पतालले आफ्नो सुविधा प्रदान गरेवापत कुनै पनि आम्दानी प्राप्त नगरी प्राप्त सत प्रतिशत रकम चिकित्सकले लिएको देखिएकोले यो औचित्य पूर्ण नदेखिएको रु ४०५०००

भौ.नं. मिति	**चिकित्सकको नाम**	**सेवा दिएको संख्या र विवरण**	**भुक्तानी रकम**	**जम्मा**
१०७-१/४	डा. दिवश राज वोहोरा	१९१ विरामी जाँच	३८२००	१७१६००
१४४-३/२		२५५ विरामी जाँच	५१०००	
१५६-३/२६		३८६ विरामी र १३ वटा राउण्ड गरेको	८२४००	
१०७-१/४	डा. जयमणी श्रेष्ठ	४२४ विरामी जाँच र ५८ वटा राउण्ड गरेको	१०८०००	२३३४००
१४४-३/२		३८९विरामी जाँच र ५८ वटा राउण्ड गरेको	७७८००	
१५६-३/२६		२१२ वटा जाँच र १३ वटा राउण्ड गरेको	४७६००	
जम्मा				**४०५०००**

६७. **औचित्यपूर्ण नदेखिएको** नियमित अस्पतालको सेवामा नरहेका निम्न २ चिकित्सक र २ टाइपिष्टलाई भिडियो एक्स रे **(USG)** गरे वापत सेवाग्राहीबाट प्राप्त हुने वीमीतबाट ५००। र वीमा नहुनबाट ६००। शुल्क लिएको मध्ये ६० प्रतिशत डाक्टरलाई दिने र सो रिपोर्ट टाइप गरेवापत प्रति रिपोर्ट २०। का दरले टाइपिष्ट दिने गरेको पाइयो । अर्थात प्राप्त ५०० रकममा १८०मात्र अस्पतालमा आम्दानी बाधेको र निजहरुलाइ बर्षमा ७ पटक गरी १४७०११६। दिएको देखिन्छ ।सम्पूर्ण सेवा र सुविधाहरु अस्पतालको प्रयोग गरी वाहिरको चिकित्सकबाट USG गरेको भनि ६० प्रतिशत रकम दिनु औचित्यपूर्ण नदेखिएकोले यस सम्बन्धमा स्पष्ट हुनु पर्ने रु १४७०११६

सि.नं.	**नाम**	**रकम बुझेको पटक**	**कर कट्टी पछि बुझेको रकम**	

१	डा. हिमाल देवान	७	७६६८३२
२	डा. विशाल प्रतिक	७	६०९३५९
३	टाइपिष्ट रिचा विमली दंगाल	७	५५२८४-
४	टाइपिष्ट आस्था श्रेष्ठ	७	३८६४१
जम्मा			**१४७०११६**

६८. **प्रोत्साहन भत्ता** ७५-१०/१२ गत आर्थिक वर्षको भुक्तानी बाँकी भनी उल्लेख भएको विवरणमा २०७५ फागुन देखि २०७६ आषाढ मसान्त सम्म सम्पूर्ण कर्मचारीहरुको प्रोत्साहन भत्ता भनी रु १९४९७७३ मात्र प्रमाणित गरी राखेको देखिन्छ ।तर यस भौचरबाट कर्मचारीहरुको गत वर्षको प्रोत्साहन भत्ता तथा असोज सम्मको विभिन्न शिर्षकको भत्ता भनि रु ३१६३३३६। बजेट खर्च लेखेको छ । संलग्न ६३ वटा भरपाई एवं विवरण मध्ये के कति गत वर्षको भुक्तानी र के कुन भुक्तानी के वापत चालु वर्षको हो एकिन हुन सकिएन । एकमुष्ट भरपाईहरु संलग्न भएकोले गत बर्षको भुक्तानी बाँकी भन्दा बढी खर्च लेखेको सम्बन्धमा एकिन हिसाब पेश हुनुपर्ने रु. १२१३५६३

६९. २८-७/५ गत आर्थिक वर्ष २०७५/७६ को अस्पतालका सम्पूर्ण कर्मचारीहरुको २०७५ श्रावण देखि माघ सम्मको वीमा तर्फको प्रोत्साहन भत्ता भनि रु ९०३०१७१ भुक्तानी उल्लेख गरेकोमा निम्न कर्मचारीलाई वीमा तर्फको इनसेन्टीभ भत्ता भनि ल्याव, एक्स रे, प्रोस्युडर इमरजेन्सी आदि वापत भत्ता भुक्तानी गरेकोमा आयकर ऐन २०५८ अनुसार १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्नेमा १ प्रतिशत मात्र कट्टा गरेकोले बाँकी १४ प्रतिशत असूल हुनुपर्ने रु १२६६६९.

पद	**कर्मचारीको नाम**	**भुक्तानी रकम**	**१४ प्रतिशत कर**
अ.न.मि.	निशा देवकोटा	१७८९३४	२५०५०.७६
सलेपा	तिर्थराज पौडेल	२५३९०	३५५४.६०
रेग्रा	उद्धव प्रसाद दाहाल	४२००७	५८८०.९८
हेअ	महेश चन्द्र नेपाल	२३७३६५	३३२३१.१०
ज.स्वा.नि.	रामवृक्ष चौधरी	१४२०९२	१९८९२.८८
ल्या.टे.	लोक नाथ पौडेल	१४८४१२	२०७७७.६८
मे.अ.	शिशिर श्रेष्ठ	१३०५८१	१८२८१.३४
जम्मा		**९०४७८१**	**१२६६६९.**

७०. **मूल्य अभिवृद्धि कर कट्टी –** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । दमक अस्पताल तर्फ देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु. २१९८५० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने रु. २१९८५०

भौ.नं. मिति	**नाम**	**वीजक नं.**	**मिति**	**मु.अ.कर भुक्तानी**	**५० प्रतिशत कर**
१२७-२/९	आयुषा ट्रेड लिंक	९ वटा	विभिन्न	११४०३७	५७०१९
१५९-३/३०	नेपाल सर्जिकल सप्लायर्स	३३० देखि ३३९	१०/२३	३२५६६३	१६२८३१
जम्मा				**४३९७००**	**२१९८५०**

प्रधानमन्त्री रोजगार कार्यक्रम

७१. स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष रु २७ लाख २१ हजार खर्च गरेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २१(१) बमोजिम श्रमिकको ज्याला भुक्तानी पालिकाले सम्बन्धित रोजगार उपभोक्ता समितिको निवेदन र हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्बन्धित वडा

	अध्यक्षको सिफारिस बमोजिम श्रमिकको बैंक खातामा भुक्तानी गर्नुपर्ने हुन्छ। प्रधानमन्त्री रोजगार कार्याक्रम संचालन निर्देशिका २०७५ को अनुसुची १ देखि ७ सम्मको विवरण तयारी गरी बेरोजगार व्यक्तिलाई काममा लगाउनु पर्नेमा सो कार्यान्वयन नगरी डोर हाजिरी फारमबाट खर्च लेखिएको छ। कार्यविधिको पालना गरी खर्च गर्नु पर्दछ।	
	सामाजिक सुरक्षातर्फ	
७२.	**सफ्टवेयर प्रणाली** - सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७५ वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि सिस्टमले काम नगरेको कारणले एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको समेत पुनः अर्को चौमासिकमा दोहारिएर आउने लगायत समस्या देखिएको हुन सक्छ । केन्द्रिकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ ।	
७३.	**लाभग्राहीको विवरण प्रविष्टि गर्ने** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ अनुसार लाभग्राहीको विवरण प्रविष्टि गर्ने सम्वन्धमा, नाम दर्ता र नवीकरणवाट आगामी आर्थिक वर्षका लागि कायमहुन आएको आभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फाल्गुण मसान्तभित्र विभागले संचालनमा ल्याएको व्यवस्थापन सुचना प्रणली (एम.आइ.एस) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ । यसरी प्रविष्टि गर्ने कार्य सामान्यतः सम्वन्धित वडा कार्यालयको हुनेछ । तर वडा कार्यालयमा साधन स्रोत तथा जनशक्तिको कमी भएमा स्थानीय तहले उपयुक्त र आवश्यक व्यवस्था गर्नेछ भन्ने व्यवस्था भएकोमा सो नगरि एम.आई.एस प्रणालीको विवरण र वडाको माग बमोजिम सिधै सामाजिक सुरक्षा भत्ता वितरण गरेकोले वितरित रकम सहि हो भनि एकिन गर्न सकिएन ।	
७४.	**परदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा ३३ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न सस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धि सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा पालना गरेको पाइएन ।	
७५.	**सार्वजनिक सुनुवाईः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ ।	
७६.	**अनुगमन तथा सुपरिवेक्षण** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार प्रत्यक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन ।	
७७.	**रकम वितरण व्यवस्थाः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २४ बमोजिम बैकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहिको नाम, बैक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुची १३ बमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विद्युतिय माध्यममा अनिवार्यरुपमा पठाउनुपर्ने व्यवस्था छ । अनूसूची ८ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा गरेको विवरण देखिने रिभर्स फिड सहित बाँकी रकम भए सो समेत पालिकालाई उपलब्ध गराउने र बैंकले निष्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र पालिकालाई दिनुपर्ने उल्लेख छ । निम्नानुसार बैकमा रकम पठाएकोमा सो अनुसारको विवरण राखेको देखिएन	

वडा नं.	प्रथम चौमासिक			दोश्रो चौमासिक			तेश्रो चौमासिक		
	निकासा	वितरण	फिर्ता	निकासा	वितरण	फिर्ता	निकासा	वितरण	फिर्ता
१	५४१५६००	५४१५६००	०	५६२००००	५६२००००	०	५६६०६००	५६४८६००	१२०००
२	६४४६०००	६४४६०००	०	६५९४०००	६५९४०००	०	६७६४०००	६७५६०००	८०००
३	९१७८४००	९१७८४००	०	९२८२४००	९२८२४००	०	९४४८२००	९३८९८६१	५८३३९
४	६९८८६००	६९८८६००	०	७११४८००	७११४८००	०	७२६६४००	७२११८००	५४६००
५	६४४१६००	६४४१६००	०	६५२२८००	६५२२८००	०	६९६२४००	६८९१८००	७०६००
६	३६५६८००	३६५६८००	०	३६९३२००	३६९३२००	०	३६७३०००	३६३७०००	३६०००
७	४८२८४००	४८२८४००	०	४९७२०००	४९७२०००	०	४९०८०००	४९०८०००	०
८	६१०७२००	६१०७२००	०	६१९०४००	६१९०४००	०	६२२०८००	६११८८००	१०२०००
९	७४४१०००	७४४१०००	०	७४९९२००	७४९९२००	०	७५७४८००	७५७४८००	०
१०	५३१५६००	५३१५६००	०	५२४४४००	५२४४४००	०	५४३६८००	५३४०८००	९६०००
जम्मा	**६१८१९२००**	**६१८१९२००**	**०**	**६२७३३२००**	**६२७३३२००**	**०**	**६३९१५०००**	**६३४७७४६१**	**४३७५३९**

कोभिड–१९ रोकथाम नियन्त्रण तथा व्यवस्थापन

७८. कोरोना (कोभिड १९) नियन्त्रण र व्यवस्थापन कार्यका लागि प्राप्त आय व्यय विवरण अनुसार संघीय सरकार संसद विकास कोषबाट ७ लाख, नगरपालिकाबाट ४९ लाख ९ हजार, विभिन्न व्यक्ति संघसंस्थाबाट ३१ लाख ५७ हजार, कर्मचारीबाट १५ लाख ५६ हजार, पदाधिकारी सुविधाबाट ७ लाख ८१ हजार र गत वर्षको मौज्दात ७ लाख ७८ हजार समेत १ करोड १८ लाख ९१ हजार आम्दानी गरेको देखिन्छ भने खाद्यान्नमा ५१ लाख ३९ हजार, सार्वजनिक निर्माण क्वारेन्टाइन व्यवस्थापनमा २० लाख ७८ हजार, संचार महसुलमा २ लाख ६२ हजार, औषधी उपचारमा ३० लाख १५ हजार, मसलन्द तथा कार्यालय सामाग्रीमा ४८ हजार, विविध खर्चमा ७ लाख ९१ हजार समेत कुल १ करोड १३ लाख ३५ हजार खर्च भै ५ लाख ५५ हजार बाँकी रहेको देखिन्छ ।

७९. **सामाग्री खरीदः** कोरोना पिडित जनताका लागि राहत वितरण गर्न चामाल, दाल, नुन, तेल लगायतका खाद्य वस्तु तथा औषधी र स्वास्थ्य उपकरण तथा अन्य विविध सामाग्रीहरु खरीद गर्दा सार्वजनिक खरीद नियमावली, २०६४ को प्रक्रिया अवलम्बन नगरी विशेष परिस्थिती उल्लेख गरी सिधै खरीद भएको देखियो ।

८०. **पेश्की बाँकीः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ८० मा सरकारी कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्की रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नाम नामेसी सहति के के बापत पेश्की गएको हो सो समेत खुलाई जिम्मेवारी अर्को आर्थिक बर्षमा सारी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । सुत्रमा अभिलेख भएको फछ्र्यौट गर्न बाँकी पेश्कीको मास्केबारी (म.ले.प.फा.नं.२११) तथा खर्चको फाँटवारी (म.ले.प.फा.नं.२१०) अनुसार निम्नानुसार पेश्की वर्षान्तमा फछ्र्यौट नभएकाले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु. ३३००००

सि.नं.	नाम	विवरण	पेश्की रकम	
कर्मचारी तर्फ			**म्याद नाघेको**	**म्याद ननाघेको**
१.	माधव प्रसाद बस्नेत	विविध खर्च	४०,०००	
२.	गणेशकुमार प्रधान	नश्लसुधारका लागि कृतिम गर्भधारण कार्यक्रम	९०,०००	
ठेकेदार तर्फ				
३.	वल्ड ट्रेड कन्स्ट्रक्सन कम्पनी प्रा.ली.	नगर प्रहरि भवन निर्माण		२००००
४.	अभियान निर्माण सेवा	समपुरक कोष		५०००००
५.	अभियान निर्माण सेवा	समपुरक कोष		३०००००
६.	ग्यालेक्सी कन्ष्ट्रक्सन	रबि स्टेन्टमा ढल तथा सडक स्तरोन्नति		२०००००
७.	सम्झना निर्माण सेवा	प्रदेश सरकारको सर्शत अनुदान कार्यक्रम		१८१०८३६
८.	माङ्गसुवा / प्रविन जे.भी	स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण		२७७८०००
९.	लुम्बिनी -अर्घाखाँची जे.भी	दमक अस्पताल निर्माण तथा डि.पि.आर.		१७७३७२००
संस्थागत				

१०.	स्थानिय विकास सहकार्य केन्द्र	नमुना युवा संसद अभ्यास		३०००००
११.	साईबर स्पेश कम्प्युटर ईन्ष्टीच्यूट	कम्प्युटर तथा पञ्जिकरण तालिम		१०००००
१२.	भुमिका सीपमुलक तालिम केन्द्र	आधारभुत सिलाइ बुनाई तालिम		१०००००
उपभोक्ता समिति				
१३.	जनता आवास निर्माण समिति	बिपन्न आवास भवन निर्माण		२३८००००
१४.	जनता आवास इकाई निर्माण समिति	बिपन्न आवास भवन निर्माण		४२५०००
१५.	जनता आवास निर्माण समिति	बिपन्न आवास भवन निर्माण		१४०००००
व्यक्तिगत				
१६.	अर्जुन भट्ट	परियोजना लेखन/ प्रस्तावाना तथा अनुसन्धान सम्बन्धि तालिम	१०००००	
१७.	अरुण कुमार श्रेष्ठ	परियोजना लेखन/ प्रस्तावाना तथा अनुसन्धान सम्बन्धि तालिम	१०००००	
	जम्मा		**३३००००**	**२८२३१०३६**

धरौटी तर्फ

८१. **धरौटी कच्चावारीः** धरौटी श्रेस्तामा रु. २३३३९५६७।९५ गत आ.व. बाट अ.ल्या. गरेकोमा पालिकाले धरौटी बाँकीको कच्चावारी तयार नगरेको देखियो । यसले कुन व्यक्ति संस्थाको धरौटी रकम हो एकिन हुन नसकिने हुँदा धरौटीको कच्चावारी तयार गर्नुपर्ने देखिन्छ । धरौटीलाई सुत्रमा अभिलेख नगरेको समेत देखियो ।

८२. **राजस्व रकम धरौटीमा दाखिलाः** पालिकाले खोला कर, पार्किङ शुल्क लगायतका राजस्व वापत प्राप्त आम्दानीलाई धरौटी खातामा दाखिला गरेको पाइयो । यसरी धरौटीमा आम्दानी बाँध्दा संकलन भएकव वास्तविक राजस्व आम्दानीको विवरण प्राप्त नहुने र राजस्व हिनामिना समेत हुन सक्ने सम्भावना रहन्छ । अतः विभाज्य कोषमा राखी बाँडफाड गर्नुपर्ने राजस्व रकम एकिन गर्नुपर्ने देखिन्छ । धरौटी श्रेस्ता विवरण जाँच गर्दा देहायबमोजिम प्राप्त रकम धरौटीमा दाखिला भएको देखिएको अन्य राजस्व रकम समेत एकिन गरी राजस्वमा आम्दानी बाध्नुपर्ने देखिन्छ ।

भौ.नं. मिति	रकम	कैफियत
६६-७-१७	८२०४५६.२०	खोला कर वापतको राजस्व रकम
८२-८/६	१७९८३७५	खोला कर वापतको राजस्व रकम
१०९-१०/३	१३४१९१०.२	खोला कर वापतको राजस्व रकम
१२६-१०/२८	४९९३८०००	खोला कर वापतको राजस्व रकम
११४-१०/११	२१७६०००	पार्किङ सेवा शुल्क
१२९-१०/२८	२०३००००	आकृति एडभरटाइजिङ विज्ञापन कर २०७५/१०/४ मा दाखिला
१७६-३/३१	१६८०००	पूर्वाधार विकास सेवा शुल्क
	५८२७२७४१.४	

८३. **धरौटीबाट बाँडफाड फिर्ताः** देहायबमोजिम धरौटीको रकमलाई खोलाकरबाट प्राप्त राजस्व देहाय बमोजिमका पालिकाहरुलाई बाँडफाँड गरिएको देखियो ।

भौ.नं. मिति	**पालिकाको नाम**	**रकम**
६२-६-६	कमल गा.पा.	१७१२६६७.६०
६३-६/६	चुलाचुली गा.पा	३१७६६४६.४८
६४-६/६	मिक्लाजुङ गा.पा	४७८८४३०.९२
जम्मा		**९६७७७४५**

८४. **लेखा समितिको प्रतिवेदनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ बमोजिम आन्तरिक अनुगमन कार्यविधि, २०७५ अनुसार २०७६/७७ को मंसिर देखि फाल्गुन मसान्तसम्मको आर्थिक कारोबार खर्चको प्रभावकारीता र

	आन्तरिक अनुगमन गरी २०७७/३/१३ मा प्रतिवेदन पेश गरेको पाईयो। उक्त प्रतिवेदन अनुसार भ्याट बिल अनिवार्य हुनु पर्ने,. रु.१ लाख भन्दा माथीको कोटेशन अनिवार्य हुनु पर्ने, बैठकमा उपस्थित संख्या प्रतिनिधि मुलक हुनु पर्ने, बिल भरपाई हुनु पर्ने, खरिद सामानको बिलमा नाम दर परिमाण स्पष्ट हुनु पर्ने, भ्रमण प्रतिवेदन अनिवार्य हुनु पर्ने, भत्ता तथा अन्य खर्च कार्यविधि अनुरुप हुनु पर्ने भनी सुझावहरु उल्लेख गरेकोले सुधार गर्नु हुन।	
८५.	**वित्तिय उत्तरदायित्व जिम्मेवारी र जवाफदेहिताः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ५६ मा कार्यालयले तयार गर्नुपर्ने वित्तिय प्रतिवेदनहरु त्यस्तो प्रतिवेदन तयार गर्न भनि तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतिय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । सुशासन ऐन, २०६३ एवं नियमावली, २०६४ सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ वमोजिम प्रशासनले पालना गर्नुपर्ने वित्तिय जवाफदेहिता बहन गर्नुपर्दछ । कार्यालयले पूर्ण जवाफदेहिताको लागि वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयनको लागि थप प्रयास गर्नुपर्ने देखिन्छ ।	
	आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोरा	
८६.	प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९५ (३) मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै नियमित गराउनुपर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी बेरुजु लगत कट्टा गराउनुपर्ने व्यवस्था छ ।आन्तरिक लेखापरीक्षणबाट देखिएका निम्न बेरुजुहरु फछर्यौट गर्नुपर्ने देखिएको रु.	४४६०६३३

राजश्व-तर्फ				
	भौचर नं.	**मिति**	**लेखापरिक्षणको विवरण**	**रकम**
२			आव २०७६/७७ मा भएको विभिन्न आय ठेक्काको रकम दाखिला हुन बाँकी रहेको देखिएकोले यथाशिघ उठाउन पहल गरिनुपर्ने देखिन्छ। (सार्वजनिक शौचालयको रु४४००० पाथिभरा होटल लजको रु २१००८४ आकृति एडभर्टाइजिङ्गको १४८३०००	१७३७०८४।
३			नदिजन्य पदार्थको आय ठेक्कामा ।EE प्रतिवेदन भन्दा 350 घनमिटर बढी परिमाणमा उत्खनन् गर्ने गरि सुचना प्रकाशन गरिएको पाइएको ।	
पुँजीगत				
४	२४५		पाथिभरा र लक्ष्मीनारायण मार्गमा लकिङ टायल्स निर्माण कार्यमा कुल ८४७,६९० ।- मध्ये ३५७७५० ।- बराबर (४२.२० प्रतिशत)को डोर हाजिरी समावेश रहेको ।	
५	३६८		सेतुमारी सामुदायिक भवन निर्माणमा सादा भर्पाईका आधारमा भुक्तानी भएको पाईएको ।	२१,५००।-
चालु-तर्फ				
६	३३७/४४७/३८८/ ६१२/६९३/७७०/ ८०८/८५१/८७७/ ८७४/९०३		उमा चिया पसललाई विभन्न मितीमा खाजा तथा खाना बापतको भुक्तानी भएकोमा भुक्तानीका लागि आवश्यक कागजातहरु, कार्यालयबाट जारी गरिने कुपन, खाना खाजाको सम्बन्धमा कार्यालय संग सम्झौता गर्दाको दररेटका आधारमा, कार्यक्रममा भएको खर्च भए खर्च प्रमाणित गरिएको अख्तियारी पत्र, कार्यक्रमको उपस्थिती समेत समावेश गरि भुक्तानी गरिनुपर्ने	

				देखिन्छ।		
	७	११३५		लक्ष्मी अफसेट प्रेसलाई दिईएको भुक्तानीमा भ्याट विल समावेश हुनुपर्ने ।	३५०००।-	
	१०	११९६		बिउ बिजन खरिद सम्वन्धि एग्रोभेटको कोटेशनको फोटोकपी मात्र रहेको ।	५००,०००।-	
	१२	१३२०		बैठक भत्ता बापत वडा नं २ कि वडा सदस्यलाई दिएको भत्ता बैठक संख्या भन्दा बढी हुन गएकाले असुल गर्नुपर्ने।	८५०।-	
	२२	१३१६	२०७७।०३।२६	यातायात व्यवस्थापन समितिलाई ट्राफिक सचेतना बापत भएको भुक्तानीमा के काम गर्ने भनी समितिको निर्णय सामेल नगरी रकम भुक्तानी रहेको पाईयो ।	१९५७८२।-	
	१३	१४११	२०७७।०३।३१	वडा नं ३ मा न्यानो कपडा , तथा सुत्केरीलाई आवश्यक सामाग्री खरिद तथा वितरण गरिएकोमा बुझिलिने व्यक्तिहरुले प्राप्त गरी सहि गरेको भर्पाई संलग्न नरहेको । (द.न.पा. मा खरिद आदेश र दाखिला रिपोर्ट समेत नरहेको)	९७,५००।-	
	१५	१४३०	२०७७।०३।३१	मोटरसाईकल मर्मत बापत भुक्तानी भएको मा खाजाको बिल समावेश भएको साथै मर्मतको लागि मर्मत आदेश र दाखिला रिपोर्ट समावेश नरहेको ।	२६,१२५.	
	१६	१४२६	२०७७।०३।३१	बैठकमा अनुपस्थित रहँदा पनि भत्ता रकम बुझेको देखिएको कारण बढी भुक्तानी भएको । कृतिका गौतम भट्टराई - १ वटा सुर्यप्रसाद नेपाल - २ वटा ख्याम कुमारी परियार - १ वटा	३४००।	
	दमक अस्पताल तर्फ					
	१७	७	२०७६।०६।१५	बैठक भत्ता बापत रकम भुक्तानी भएकोमा पदपुर्ति समिति सदस्य श्री प्रकास बुढाथोकी बैठकमा अनुपस्थिति रहँदा पनि भत्ता बुझिलिएकोले असुल गर्नुपर्ने।	८५०।-	
	१८	४१,४२,४५,४६,४७,५०	२०७६।०८।११	खानेपानी र बिजुलीको बिल तिर्दा जरिवाना समेत तिरिएको पाईएको र नियमानुसार जरिवाना तिर्न नमिल्ने हुँदा समयमा नै विल भुत्तनी गरिनुपर्ने देखिन्छ।		
	१९	२८	२०७६।०७।०५	अस्पताल व्यवस्थापन समितिको निर्णयका आधारमा कर्मचारिलाई प्रोत्साहन भत्ता वितरण भएको छ तर प्रोत्साहन भत्ताको आधार र मापदण्ड स्पस्ट गरि एकै कर्मचारिलाई दोहोरो सुविधा उपलब्ध नगराइ संघिय अर्थमन्त्रालयको कार्यविधी तथा प्रदेशसरकार बाट जारी मापदण्डको आधारमा नगर परिषद्द्धारा आधार र मापदण्ड पारीत गरी भूत्तानी गरिनु पर्ने देखिन्छ।	९३९५६७।	
	२०	६८	२०७६।०९।२३	सानो नगदि कोष (petty Cash Fund) बाट खरिद भएका खप्ने मालसामानको दाखिला विवरण उपलब्ध गराइनु पर्ने देखिन्छ।		

२१	१६५	२०७७।०३।३१	न्यु शिद्धकाली भाडा पसलबाट भाडा खरिद भइ भुक्तानी भएकोमा खरिद आदेश र दाखीला प्रतिवेदन पेश नरहेको ।	२२२१४।-
संघीय (सशर्त-चालु)				
२२	२२	२०७६।०७।२६	मलेरियाको रोकथाम बापत बिज्ञापन बापत भनी सवाल नेपाल डटकम लाई दिइएको भुक्तानीमा कुन विज्ञापन भनी खुल्ने सुचनाको प्रति समावेश नभएको ।(इन्द्र प्रसाद अर्याल)	१००००।-
२३	१२७	२०७७।०३।२१	नसर्ने रोग सम्बन्धी कार्यक्रम बापत भएको भुक्तानीमा सामाग्री खरिद बिना प्रतिष्पर्धा एकै पसलबाट रु ४६२५९ ।- बराबरको भएको तथा खरिद आदेश एवं दाखिला रिपोर्ट नरहेको साथै कति मानिसको रगत संकलन गरिएको विवरण नरहेको ।	७७७३६।-
२४	१६८	२०७७।०३।३१	स्वास्थ्य संस्थाका सम्पुर्ण कर्मचारीका लागि फोहोरमैला ब्यबस्थापन खरिद गरिएको सामाग्रीहरुको कोटेशन र प्रतिस्पर्धा झल्किने अन्य कागजात संलग्न नरहेको । (एकै सप्लायर्सबाट सोझै खरिद भएको)	२७०४६५।-
संघीय शषर्त (पुँजीगत)				
२५	८२	२०७७।०३।३१	सरस्वती मा.वि खेल मैदान स्तरोन्नति बापत पुराइको लागि भुक्तानी हुँदा सबै भुक्तानी सादा भर्पाइका आधारमा भएको तथा अनुगमन समितिको प्रतिवेदन समावेश नरहेको ।	१९०५६०/-
शिक्षा तर्फ				
२६	१६	२०७६।११।०१	१० बर्षे दिर्घकालीन शैक्षिक योजना निर्माणार्थ भएको भुक्तानीमा कार्यशालाको उपस्थिति , सहभागीको संख्या ,कार्याशालाको प्रस्तावना एवं भुक्तानी गरिएको संस्था निकायको भुक्तानी माग निवेदन समाबेश नरहेको । सम्झौताको सक्कल प्रति समावेश नरहेको साथै रणनिति निर्माण भएको भए निर्मित रणनितिको प्रतिलिपि समेत पेश गर्नुपर्ने देखिन्छ ।	३३२०००।
			जम्मा	

८७. **बेरुजु तथा सम्परीक्षण –** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३६ को १ मा लेखापरीक्षण प्रतिवेदनमा दर्शाएका वेरुजु नियमित, असूल उपर तथा सम्परीक्षण गरी फर्छ्यौट गर्ने गराउने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ भन्ने व्यवस्था छ । पालिकाको गत विगत वर्षको बेरुजू रु ९६६८९०००. रहेकोमा निम्नानुसार रु. ३०१६० फछ्र्यौट गरि पेश भएकोले सम्परीक्षण गरीएको छ । बाँकी बेरुजू फछ्र्यौट गर्न पालिकाको ध्यान जानु पर्दछ ।

सि.नं.	आर्थिक वर्ष	बे.दफा नं.	फछ्र्यौटको व्यहोरा	रकम
१.	२०७५/७६	२९	नर्म्स भन्दा बढी भुक्तानी गोबिन्द प्रसाद आचार्य	३५७०
२.	२०७५/७६	२९	नर्म्स भन्दा बढी भुक्तानी	१०५४०
३.	२०७५/७६	३१	नर्म्स भन्दा बढी भुक्तानी	१६०५०
			जम्मा	**३०१६०**

८८. **अनुगमन तथा मूल्याङ्कन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ ।सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको

	हुने व्यवस्था छ । कार्यालयले गत विगत वर्ष देखिको अध्यावधि बेरुजू लगत खडा गरि फछ्र्यौट गरेको देखिएन ।	
८९.	**संचित कोष र वेरुजुको स्थितिः** पालिकाको संचित कोषको विवरण, बेरुजु (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार) बर्गिकरण र अद्यावधिक बेरुजु स्थिती क्रमशः अनुसुची १, अनुसुची २ र अनुसुची ३ मा समावेश गरिएको छ ।	

दमक नगरपालिका, झापाको सञ्चित कोष विवरण

-अनुसुची १

२०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	आय						व्यय				मौज्दात बाँकी
					गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व वाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
दमक न.पा.	झापा	२७६२६१९	३०१५८	१.०९	८०६६९	७९१९१३	१४५१८४	१९३९३९	३०८४८५	१४३९५२१	८१६७६४	४२४२७७	८२०५७	१३२३०९८	११६७०९२

बेरुजु वर्गिकरण (विनियोजन, राजश्व, धरौटी र अन्य कारोबार)

अनुसुची २

२०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			वाँकी बेरुजू								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
दमक न.पा.	झापा	५८	३२	४१८२८	०	३	११६७०	५८	२९	३०१५८	३०६३	४०९	२६३५६	०	०	२६७६५	१३०	२००	३३०

अद्यावधिक बेरुजु स्थिति

अनुसुची ३

२०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	गत बर्ष सम्मको वाँकी वेरुजु	समायोजन	गत बर्ष सम्मको यथार्थ वेरुजु	सं.प.को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको वाँकी रकम	सं.प.बाट कायम बेरुजु रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेश्की
दमक न.पा.	झापा	९६६८९	०	९६६८९	३०	३०	०	०	९६६५९	०	३०१५८	१२६८१७	३३०